# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ ३० गते २०२६ साल

श्री ५ को सरकार

### निर्माण संचार तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले दाङ हवाइ मैदानमा वार (फेन्सीङ) लगाउने कार्यको लागि तपसील बमोजिमको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीहरूले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐनबमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

राप्ती अञ्चल दाङदेउखुरी जिल्ला अन्तर्गत टरी गाउं पञ्चायत वार्ड नं. १ मौजा टरीगाउंको कि. नं. १२८ मध्ये पूर्व रन्वे (हवाइ मैदान), पश्चिम बाटो, उत्तर रन्वे र दक्षिण कुलो यति चार किल्लाभित्रको मालपोत रु.५३।२४ लागेको अबल जग्गा एक बिगाहा सात कट्ठा छ धूरको जग्गा कित्ता एक– – – – – १

ऐ मौजा कि. नं. १३१ मध्ये पूर्व रन्वे, पश्चिम नन्दराम खत्रीको बारी, उत्तर रन्वे, दक्षिण सोभाकरको बारी यति चार किल्लाभित्रको मालपोत रु. २१।८४ लागेको अबल जग्गा एघार कट्ठा चार धूरको जग्गा कित्ता एक– – – १



९५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ऐ मौजाको ऐ पूर्व बाटो, पश्चिम कुलबहादुरको बारी, उत्तर बाटो, दक्षिण इश्वरीप्रसादको बारी, यति चार किल्लाभित्रको मालपोत रू. १०९।६९ लागको अव्वल जग्गा दुइ बिगाहा सोन्ह कट्ठा पांच धूरको जग्गा कित्ता एक – – – – १

ऐ दाङ तुलसीपुर आदर्श गाउं पञ्चायत वार्ड नं. ९ गोलौरा मौजाको कि. नं. ३५४, ३५५, ३५६ मध्ये पूर्व कुपारामको बारी, पश्चिम टेकबहादुरको बारी, उत्तर कुलबहादुरको बारी, दक्षिण कर्णबहादुरको खेत यति चार किल्लाभित्रको मालपोत रू. ९१।२६ लागेको अव्वल जग्गा दुइ बिगाहा छ कट्ठा सोह्र धूरको जग्गा कित्ता एक– – १

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

९३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।